# आर्थिक वर्ष २०८०।८१ को धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम





**नेपाल धितोपत्र बोर्ड**

खुमलटार, ललितपुर, नेपाल।

श्रावण २०८०

# आर्थिक वर्ष २०८०।८१ को धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम


नेपाल धितोपत्र बोर्ड

खुमलटार, ललितपुर, नेपाल ।



श्रावण २०८०

सर्वाधिकार : नेपाल धितोपत्र बोर्डमा निहित ।

प्रकाशकः

**नेपाल धितोपत्र बोर्ड**

नीति, अनुसन्धान तथा प्रशिक्षण विभाग

खुमलटार, ललितपुर ।

फोन नं. ०१-५५४१०५७, ५५५०५११, ५५४४०७६

फ्याक्स नं.: ०१-५५४१०५८

वेबसाइट : http://www.sebon.gov.np

ई-मेल: support@sebon.gov.np

नेपाल धितोपत्र बोर्ड
Securities Board of Nepal

अध्यक्षको कार्यालय
खुमलटार, ललितपुर, नेपाल
Chairman Office
Khumaltar, Lalitpur, Nepal

# प्राक्कथन

धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्डले धितोपत्र बजार तथा वस्तु विनिमय बजारको व्यवस्थित तथा योजनाबद्ध रुपमा विकास, विस्तार तथा सुधारका कार्य अगाडि बढाउन आर्थिक वर्ष २०८०।८१ का लागि धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गरी सार्वजनिक गरेको छ। प्रस्तुत नीति तथा कार्यक्रम तयार गर्दा मुख्यतः नेपाल सरकारको १५ औं योजना, नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेट, धितोपत्र बजार नियमन निकायहरुको अन्तर्राष्ट्रिय संस्था (IOSCO) को सिद्धान्त तथा मापदण्ड, नेपाल धितोपत्र बोर्डको चार वर्षीय रणनीतिक योजना, धितोपत्र बजारको वर्तमान परिदृष्य र बजार विज्ञ, अध्ययन तथा अनुसन्धानकर्ता, लगानीकर्ता तथा सरोकारवालापक्षहरुबाट प्राप्त राय तथा सुझाव समेतलाई आधार लिइएको छ।

बोर्डको नीति तथा कार्यक्रमलाई विकासात्मक र नियमित गरी दुई भागमा विभाजन गरिएको छ। यस वर्षको विकासात्मक कार्यक्रममा नीतिगत तथा कानुनी व्यवस्था तथा सुधार र सूचना प्रणालीको विकास र प्रयोग, अध्ययन तथा अनुसन्धान मार्फत बोर्डको बजार नियमन तथा सुपरिवेक्षण क्षमता अभिवृद्धि एवं सुदृढीकरण, बजारको पारदर्शिता र सुशासन कायम गर्ने कुरामा जोड दिएको छ। साथै, बोर्डले नियमित गर्ने कार्यक्रमहरुलाई समेत थप प्रभावकारी र व्यवस्थित बनाउन विशेष ध्यान दिएको छ। बोर्ड प्रस्तुत कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी धितोपत्र बजार तथा वस्तु विनिमय बजारको विकास, विस्तार तथा सुधार गर्ने तर्फ सशक्त भूमिका खेल्न प्रतिबद्ध रहेको छ। साथै, यसको पूर्ण कार्यान्वयनका लागि नेपाल सरकार, वित्तीय क्षेत्रका अन्य नियमन निकाय, बजार सहभागीहरु, लगानीकर्ता, पत्रकार वर्ग, बजार विज्ञहरुसहित अन्य सरोकारवालाहरुको समेत सकारात्मक सहयोग र सहकार्यको समेत बोर्ड अपेक्षा गर्दछ।

अन्त्यमा, बोर्डको आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रम तर्जुमा गर्न प्रत्यक्ष एवं परोक्ष रुपमा सहयोग गर्ने बोर्डका कर्मचारी, संचालक सदस्य लगायत अन्य सरोकारवालापक्षहरुलाई विशेष धन्यवाद दिन चाहन्छु।

श्रावण २०८०

(रमेश कुमार हमाल)
अध्यक्ष

Post Box No.: 9031, Phone: 01-5554981, 5541057, Fax No.: 01-5541058
Toll Free No.: 1660-01-44433, Email: chairman@sebon.gov.np, Website: www.sebon.gov.np

# विषय-सूची

प्राक्कथन

| विषय | | पेज नं |
| --- | --- | --- |
| क. | नीति तथा कार्यक्रमका आधारहरू | १ |
| ख. | धितोपत्र बजार तथा वस्तु विनिमय बजारको विकास, विस्तार तथा सुधार सम्बन्धी बोर्डको आर्थिक वर्ष २०८०।८१ को मुख्य नीतिहरू | २ |
| ग. | आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रमका प्रमुख विशेषताहरू | ४ |
| घ. | बोर्डको आर्थिक वर्ष २०८०।८१ को धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी नीति तथा कार्यक्रम | ५ |
| अ) | विकासात्मक कार्यक्रम | ५ |
| | क) नीतिगत तथा कानुनी व्यवस्था तथा सुधार | |
| | ख) बजार नियमन तथा सुपरिवेक्षण सम्बन्धी सूचना प्रविधि प्रणालीको विकास तथा जोखिम व्यवस्थापन | |
| | ग) नियमन तथा सुपरिवेक्षण सुदृढीकरण र संस्थागत विकास तथा पहुँच अभिबृद्धि | |
| | घ) बजार पारदर्शिता अभिबृद्धि तथा परिपालना अभ्यासमा सुधार | |
| | ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय तथा सम्बन्ध विकास | |
| | च) अध्ययन तथा अनुसन्धान र व्यवसायिकता, लगानीकर्ता शिक्षा तथा सचेतना अभिबृद्धि | |
| आ) | नियमित कार्यक्रम | ९ |
| | क) धितोपत्र दर्ता तथा निष्काशन, व्यवसायी सेवा सञ्चालन अनुमति तथा विनियमावली स्वीकृति | |
| | ख) बजार नियमन तथा सुपरिवेक्षण, अनुसन्धान तथा तहकिकात र कानुन प्रवलीकरण | |
| | ग) विज्ञ तथा नीति निर्माताहरूसंग अर्न्तक्रिया, नीति तथा कार्यक्रम तयारी तथा प्रगति समिक्षा र गुनासो समाधान | |
| | घ) व्यवस्थापन तथा प्रशासन व्यवस्था तथा संचालन | |
| | ङ) लगानीकर्ता शिक्षा, प्रशिक्षण, जनचेतना अभिबृद्धि, प्रकाशन र तालिम तथा व्यवसायिकता विकास | |

# बोर्डको आर्थिक वर्ष २०८०।८१ का लागि धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी नीति तथा कार्यक्रम ।

धितोपत्र बजार तथा वस्तु विनिमय बजारको व्यवस्थित तथा योजनाबद्ध रूपमा विकास, विस्तार तथा सुधारका कार्य अगाडि बढाउन बोर्डबाट विगत वर्षहरू देखि नीति तथा कार्यक्रम तयार गरी सार्वजनिक गरिदैं आएको छ । पुँजी बजारको विकास तथा विस्तार गरी लगानीकर्ताको हित संरक्षण गर्नका लागि धितोपत्रको निष्काशन, खरिद, बिक्री तथा विनिमयलाई व्यवस्थित बनाउन र धितोपत्र बजार तथा व्यवसायीहरूको काम कारवाहीलाई पारदर्शी, प्रभावकारी र आधुनिक तथा विश्वसनीय बनाउन बोर्डको नियमन तथा सुपरिवेक्षण क्षमता अभिबृद्धि गर्दै बोर्डका काम कारवाहीलाई स्वच्छ, पारदर्शी तथा प्रविधिमैत्री बनाउने कार्यलाई निरन्तरता दिइएको छ । बोर्डको मुख्य उद्देश्य, लक्ष्य तथा प्राथमिकता अनुरूप बोर्डबाट धितोपत्र बजार तथा वस्तु विनिमय बजारको विकास, विस्तार तथा सुधारका सम्बन्धमा आर्थिक वर्ष (आ.व.) २०८०।८१ मा गरिने विकासात्मक तथा नियमित कार्यक्रमहरू समावेश भएको बोर्डको नीति तथा कार्यक्रम तर्जूमा गरिएको छ ।

## क) नीति तथा कार्यक्रमका आधारहरू

बोर्डले आ.व. २०८०।८१ को नीति तथा कार्यक्रम देहायका आधारमा तयार गरेको छः

- नेपाल सरकारको १५ औं योजनामा समावेश भएका पुँजी बजारसम्बन्धी रणनीति तथा कार्यनीतिहरू,
- नेपाल सरकारको आ.व. २०८०।८१ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा समावेश भएका आर्थिक एवं धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रम,
- धितोपत्र सम्बन्धी प्रचलित ऐनका अतिरिक्त वस्तु विनिमय बजार ऐन र सम्पत्ति शुद्धीकरणसम्बन्धी ऐनमार्फत बोर्डलाई प्राप्त अधिकार तथा जिम्मेवारी,

- धितोपत्र बजार नियमन निकायहरूको अन्तर्राष्ट्रिय संस्था (IOSCO) को सिद्धान्त तथा मापदण्ड र सार्क क्षेत्रका धितोपत्र बजार तथा सोको नियमन निकायको अभ्यास तथा बजार नियमनसम्बन्धी अन्तर्राष्ट्रिय अन्य सिद्धान्त र असल अभ्यास,
- बोर्डको आ.व. २०७९।८० को नीति तथा कार्यक्रममा समावेश भई कार्यान्वयनको चरणमा रहेका नीति तथा कार्यक्रम,
- नेपाल धितोपत्र बोर्डको चार वर्षीय रणनीतिक योजना, २०७७।७८-८०।८१ (Strategic Plan, FY 2020/21-2023/24) मा समावेश भएका रणनीतिक उद्देश्य तथा कार्ययोजना,
- धितोपत्र बजारको वर्तमान परिदृश्य र बजार विज्ञ, अध्ययन तथा अनुसन्धानकर्ता, लगानीकर्ता तथा सरोकारवालापक्षहरूबाट बजार विकास तथा सुधार सम्बन्धमा प्राप्त भएका राय तथा सुझाव, ईत्यादि ।

## ख) धितोपत्र बजार तथा वस्तु विनिमय बजारको विकास, विस्तार तथा सुधार सम्बन्धी बोर्डको आर्थिक वर्ष २०८०।८१ को मुख्य नीतिहरू

धितोपत्र बजार तथा वस्तु विनिमय बजारको विकास, विस्तार तथा सुधारका लागि बोर्डले आर्थिक वर्ष, २०८०।८१ मा देहाय बमोजिमका मुख्य नीतिहरू अवलम्बन गरेको छः

- बजार तथा नियमनलाई धितोपत्र बजार नियमन निकायहरूको अन्तर्राष्ट्रिय संस्था (IOSCO) को मापदण्ड अनुरूप स्वच्छ, पारदर्शी तथा लगानीकर्तामैत्री बनाई लगानीकर्ताको हक हित संरक्षण सुनिश्चित गरी बजारमा साधारण तथा संस्थागत लगानीकर्ताको सहभागिता अभिबृद्धि गर्ने,
- धितोपत्र सम्बन्धी विद्यमान कानुनी व्यवस्थामा समयानुकुल सुधार गरी बजारलाई सुदृढ, गतिशिल तथा प्रभावकारी बनाउन संरचनात्मक सुधार गर्ने,
- बोर्डबाट सम्पादन गरिने कार्यहरूलाई सूचना प्रविधिमैत्री बनाई छिटोछरितो र प्रभावकारी सेवा प्रवाह गर्ने गरी बोर्डको संस्थागत, सुपरीवेक्षकीय एवं नियामकीय क्षमता अभिवृद्धि गर्ने,

- नवीनतम ज्ञान, सीप/क्षमता भएका वा नयाँ वस्तु, सेवा, प्रविधि वा बौद्धिक सम्पत्तिसँग सम्बन्धित व्यवसाय वा नवीनतम उद्यम व्यवसायको प्रवर्द्धन गर्न आवश्यक पुँजी परिचालनका लागि PE/VC Ecosystem निर्माण तथा SME Industry विकासको Signature Policy लिई उद्यमशीलता प्रबर्द्धन तथा Enterprise Development मार्फत अर्थतन्त्रमा नयाँ धार सृजना गर्ने,
- वस्तु विनिमय बजार संचालनमा ल्याउने,
- धितोपत्र बजार तथा वस्तु विनिमय बजारमा अनुमतिपत्र प्रदान गर्ने प्रणालीलाई थप प्रभावकारी, व्यवस्थित एवं पारदर्शी बनाई तोकिएको मापदण्ड पुरा गरेका संस्थाहरूलाई निश्चित समयावधिभित्र खुला प्रणाली (Open System) मार्फत अनुमतिपत्र प्रदान गर्ने,
- धितोपत्र बजारमा क्षेत्रगत विविधीकरण ल्याउन व्यवसायिकरूपमा सफल तथा स्थापित उत्पादनमूलक संगठित संस्थाहरूलाई धितोपत्र निष्काशन तथा सूचीकरण गर्न सहजीकरण गरी बजारको विस्तार र क्षेत्रगत सन्तुलन मिलाउने एवं धितोपत्रको दोस्रो बजारमा कारोवार योग्य नयाँ औजारहरू संचालनमा ल्याउन सहजीकरण मार्फत् प्रोत्साहित गरी धितोपत्र औजारहरूमा विविधता ल्याउने,
- पुँजी बजारमा लगानीकर्ताको संख्यामा वृद्धि तथा प्रतिस्पर्धात्मक वातावरणको विकास गर्न एवं गैर आवासीय नेपाली नागरिकहरूको ज्ञान, सीप, पुँजी, प्रविधि र सञ्जाललाई मुलुकको विकास र समृद्धिसँग जोड्ने गरी गैर आवासीय नेपाली नागरिकहरूलाई पुँजी बजारमा सहज प्रवेशका लागि आवश्यक कानुनी तथा संस्थागत पूर्वाधार तयार गर्ने,
- धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी लगानीकर्ता शिक्षा तथा जनचेतना अभिवृद्धिसहित समष्टिगत वित्तीय साक्षरता सुदृढ गर्ने,
- बोर्डको नियमन तथा सुपरीवेक्षकीय कार्यहरू दक्ष एवं प्रभावकारी रूपमा संचालन गर्न आवश्यक जनशक्तिको व्यवस्थापन र कर्मचारीको क्षमता अभिवृद्धि तथा विकास गर्ने ।

## ग) आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रमका प्रमुख विशेषताहरू

बोर्डले आर्थिक वर्ष २०८०।८१ को धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रमलाई विकासात्मक तथा नियमित गरी दुई भागमा विभाजन गरेको छ । आर्थिक वर्ष २०८०।८१ को धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रमका प्रमुख विशेषताहरू देहाय बमोजिम रहेका छन्ः

### अ) विकासात्मक कार्यक्रम

- नीतिगत तथा कानुनी व्यवस्था तथा सुधार
- बजार नियमन तथा सुपरिवेक्षण सम्बन्धी सूचना प्रविधि प्रणालीको विकास तथा जोखिम व्यवस्थापन
- नियमन तथा सुपरिवेक्षण सुदृढीकरण र संस्थागत विकास तथा पहुँच अभिबृद्धि
- बजार पारदर्शिता अभिबृद्धि तथा परिपालना अभ्यासमा सुधार
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय तथा सम्बन्ध विकास
- अध्ययन तथा अनुसन्धान र व्यवसायिकता, लगानीकर्ता शिक्षा तथा सचेतना अभिबृद्धि ।

### आ) नियमित कार्यक्रम

- धितोपत्र दर्ता तथा निष्काशन, व्यवसायी सेवा सञ्चालन अनुमति तथा विनियमावली स्वीकृति
- बजार नियमन तथा सुपरिवेक्षण, अनुसन्धान तथा तहकिकात र कानुन प्रवलीकरण
- विज्ञ तथा नीति निर्माताहरूसंग अर्न्तक्रिया, नीति तथा कार्यक्रम तयारी तथा प्रगति समिक्षा र गुनासो समाधान
- व्यवस्थापन तथा प्रशासन व्यवस्था तथा संचालन
- लगानीकर्ता शिक्षा, प्रशिक्षण, जनचेतना अभिबृद्धि, प्रकाशन र तालिम तथा व्यवसायिकता विकास ।

## घ) बोर्डको आर्थिक वर्ष २०८०।८१ को धितोपत्र बजार तथा बस्तु विनिमय बजार सम्बन्धी नीति तथा कार्यक्रम

बोर्डले आर्थिक वर्ष, २०८०।८१ को विकासात्मकतर्फ ३० कार्यक्रम र नियमिततर्फ ४४ कार्यक्रम गरी कुल ७४ कार्यक्रम देहाय बमोजिम निर्धारण गरेको छः

### अ) विकासात्मक कार्यक्रम

बोर्डले आर्थिक वर्ष, २०८०।८१ का लागि निर्धारण गरेका विकासात्मक कार्यक्रमहरू देहाय अनुरूप रहेका छन्ः

### क) नीतिगत तथा कानुनी व्यवस्था तथा सुधार

१. धितोपत्रको दोस्रो बजारमा गैर आवासीय नेपालीहरूको लगानी खुला गर्न धितोपत्र सम्बन्धी कानुनहरूमा आवश्यक संशोधन तथा परिमार्जन गरिनेछ ।

२. धितोपत्र व्यवसायीको लागि संस्थागत सुशासन सम्बन्धी निर्देशिका तर्जुमा गरी लागू गरिनेछ ।

३. हरित वण्ड लगायतका नवीन वित्तीय औजार निष्काशन गर्न सक्ने गरी आवश्यक नीति, नियम तथा निर्देशिका संशोधन तथा तर्जुमा गरिनेछ ।

४. साना तथा मझौला कम्पनीको धितोपत्र निष्काशन तथा कारोवार सम्बन्धी नियमावली तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

५. वस्तु विनिमय बजार सम्बन्धी वस्तु करोवार व्यवसाय, राफसाफ तथा फर्स्यौट व्यवसाय, वेयर हाउस लगायतका सम्बन्धमा आवश्यक नीति, नियम तथा निर्देशिकाहरूको तर्जुमा गरिनेछ ।

६. बोर्डका कामकारवाहीहरूलाई सहज बनाउन आवश्यक कार्यविधि तर्जुमा गरी लागू गरिनेछ ।

### ख) बजार नियमन तथा सुपरिवेक्षण सम्बन्धी सूचना प्रविधि प्रणालीको विकास तथा जोखिम व्यवस्थापन

७. धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी महत्वपूर्ण मौजुदा तथ्याङ्क एवं जानकारीहरूको समूचित अभिलेख व्यवस्थापन तथा बोर्डमा प्रयोग भैरहेका र भविष्यमा प्रयोग हुने विभिन्न प्रणालीहरूको व्यवस्थापन गर्न बोर्डको आफ्नै डाटा सेन्टर स्थापना गरिनेछ ।

८. बोर्डबाट सम्पादन गरिने कार्यहरूलाई उच्च प्रविधियुक्त तथा सूचना प्रविधिमैत्री बनाई छिटोछरितो सेवा प्रवाह गर्न Enterprise Resource Planning (ERP) सम्बन्धमा अध्ययन गरिनेछ ।

९. बोर्डको सुपरिवेक्षण कार्य र अन्य प्रकृयाहरूलाई सूचना प्रविधिमा आधारित बनाउन आवश्यक हुने सफ्टवेयर तथा हार्डवेयर खरिद, विकास तथा प्रयोग गर्ने व्यवस्था मिलाईनेछ ।

१०. धितोपत्र बजार तथा वस्तु विनिमय बजारमा हुने कारोबारको अनुगमन तथा सुपरिबेक्षण गर्न अन्तर्राष्ट्रिय रूपमा प्रयोग भैरहेका AI Based एकीकृत वास्तविक समय सुपरिबेक्षण प्रणाली (Integrated Automated Market Surveillance System) को प्रयोगको सम्बन्धमा अध्ययन कार्य गरिनेछ ।

११. बोर्डबाट हुने अनुसन्धानहरूलाई तथ्याङ्कमा आधारित बनाई त्यसको Quantitative Analysis सँग जोड्दै लैजान Statistical Analysis Software खरिद गरिनेछ ।

१२. धितोपत्र बजार तथा वस्तु विनिमय बजारमा हुने सूचना तथा विवरण प्रवाहको सहज एवं सुदृढ व्यवस्था गर्न हाल प्रयोगमा रहेको विद्युतीय विवरण प्रवाह तथा प्राप्ति प्रणाली (Electronic Reporting and Retrieval System-ERRS) लाई अझ सुदृढ एवं प्रभावकारी बनाउन बोर्डको रिपोर्टिङ्ग ढाँचालाई प्रणालीमा समावेश गरी लागु गरिनेछ ।

१३. धितोपत्रको दोस्रो बजार कारोवारको भुक्तानी सुनिश्चितताका लागि राफसाफ सुनिश्चितता कोष (Settlement Guarantee Fund) प्रभावकारीरूपमा संचालन गर्न आवश्यक सहजीकरण गरिनेछ ।

## ग) नियमन तथा सुपरिवेक्षण सुदृढीकरण र संस्थागत विकास तथा पहुँच अभिबृद्धि

१४. बोनस सेयरमा लाग्ने करलाई नगद लाभांशबाट मिलान गर्ने व्यवस्था गर्न आवश्यक निर्देशन जारी गरिनेछ ।

१५. धितोपत्र बजार, बस्तु बजार तथा व्यवसायीहरूलाई प्रभावकारी सुपरिवेक्षण गर्नका लागि सुपरिवेक्षण म्यानुअल तयार गरी लागू गरिनेछ ।

१६. धितोपत्र दलाल व्यवसायीहरूको अनुगमन तथा सुपरिवेक्षण कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन जोखिममा आधारित सुपरिवेक्षण ढाँचा (Risk-Based Supervision Framework) लागू गरिनेछ ।

१७. निक्षेप खाता खोल्ने प्रक्रियामा Video Based Customer Identification (V-CIP) लागू गर्न सहजीकरण गरिनेछ ।

१८. बोर्डको जग्गा खरिद तथा प्राप्त गर्ने र भवन निर्माण गर्ने कार्य अगाडि बढाइनेछ ।

१९. संघीय संरचना अनुरूप बोर्डको काम कारवाहीलाई काठमाडौं बाहिरसमेत विस्तार गर्न पहिलो चरणमा दुईवटा प्रदेशमा प्रादेशिक नियमन संरचना स्थापना गर्न आवश्यक अध्ययन गरिनेछ ।

## घ) बजार पारदर्शिता अभिबृद्धि तथा परिपालना अभ्यासमा सुधार

२०. जलविद्युत क्षेत्रका कम्पनीहरूका संस्थापक सेयरधनीको लकिङ्ग पिरियड र संस्थापक सेयरधनीमा भएको परिवर्तनका सम्बन्धमा आवधिक रूपमा जानकारी प्रवाह गराउने व्यवस्था गरिनेछ ।

२१. लगानीकर्ताहरूबाट प्राप्त गुनासो समाधान कार्य प्राथमिकतामा राखी धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी लगानीकर्ताहरू तथा अन्य सरोकारवाला पक्षहरूबाट बोर्डमा प्राप्त हुने गुनासो र उजुरीहरूको प्रभावकारी समाधानको व्यवस्था गर्न मोबाइल एप सहितको केन्द्रिकृत गुनासो सुनुवाई प्रणाली (Centralised Grievance Handling System) को व्यवस्था गरिनेछ ।

## ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय तथा सम्बन्ध विकास

२२. बोर्डको नियमन तथा सुपरिवेक्षण कार्यलाई अन्तर्राष्ट्रिय अभ्यास अनुरूपको बनाउन धितोपत्र बजार तथा वस्तु विनिमय बजारसँग सम्बन्धित ज्ञान अनुभवहरूको आदान प्रदान गर्न आवश्यकता अनुसार विदेशी नियमन निकायसँग दीर्घकालीन रणनीतिक समन्वय र साझेदारी (Long Term Strategic Co-operation) विकास गर्ने सम्बन्धी कार्य अगाडि बढाइनेछ ।

२३. पुँजी बजार सम्बन्धी विषय वस्तुमा अध्ययन/अनुसन्धान, लगानीकर्ता प्रशिक्षण तथा सचेतना अभिबृद्धि सम्बन्धी पाठ्यक्रम विकास र वित्तीय साक्षरता अभिवृद्धि गर्न सहयोग आदान प्रदान गर्न विभिन्न विश्व विद्यालयसँग MoU गरी समन्वयात्मकरूपमा कार्य अगाडि बढाईनेछ ।

## च) अध्ययन तथा अनुसन्धान र व्यवसायिकता, लगानीकर्ता शिक्षा तथा सचेतना अभिबृद्धि

२४. धितोपत्र बजार तथा वस्तु विनिमय बजारमा प्रयोग हुने सूचना प्रविधिका साधन तथा प्रणालीमा विद्युतीय (साइबर) अपराध न्यूनीकरण तथा प्रणालीहरूको गुणस्तर वृद्धि गर्न अन्तर्राष्ट्रिय रूपमा स्वीकृत मानकहरू (Internationally Accepted Standards) अध्ययन गरी आवश्यक प्रणाली संपरीक्षण ढाँचा (System Audit Framework) तयार गरिनेछ ।

२५. वित्तीय साक्षरता अभिवृद्धि गर्न धितोपत्र बजार सम्बन्धी उपयुक्त E-Learning Platform तथा धितोपत्र बजार तथा वस्तु विनिमय बजारमा बारम्बार सोधिने प्रश्नहरू सम्बन्धी जानकारी दिन AI Based Chatbot को अध्ययन गरी आवश्यक व्यवस्था गरिनेछ ।

२६. Supervisory Information System(SIS) स्थापनाको लागि अध्ययन गरिनेछ ।

२७. धितोपत्र बजारमा मध्यस्थता लागत कम गरी पुँजीमा पहुँच तथा कारोवारमा वृद्धि गर्न धितोपत्र बजार तथा व्यवसायीहरूले लिने शुल्क सम्बन्धमा अध्ययन गरिनेछ ।

२८. धितोपत्र बजारको विकास र विस्तार गर्न, बजार संरचनाको स्वरूपमा परिवर्तन गर्न एवं नयाँ धितोपत्र औजारहरूको संचालनका लागि सहजीकरण गर्न आवश्यक नीतिगत, प्रक्रियागत तथा संस्थागत व्यवस्था गर्न शर्ट सेलिङ्ग (Short Selling), इन्ट्रा डे कारोवार (Intra Day Trading), अक्सन मार्केट (Auction Market) र Securities Lending and Borrowing को व्यवस्था गर्न र नयाँ औजारहरू इक्विटी डेरिभेटिभ्स् लगायत धितोपत्र तथा वस्तु विनिमय बजार सम्बन्धी अन्य समसामायिक विषयका सम्बन्धमा विज्ञहरू मार्फत अध्ययन तथा अनुसन्धान गरिनेछ ।

२९. धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी साक्षरता प्रवर्द्धनलाई उच्च गुणस्तरीय र प्रभावकारी बनाउन एवं बजार साक्षरताको अवस्था र साक्षरता हासिल गरे पश्चात् लगानी अभ्यास तथा बजार प्रवृत्तिमा भएको सुधार मूल्यांकन गर्न सकिने विषयहरू समावेश भएको धितोपत्र तथा वस्तु विनिमय बजार साक्षरता ढाँचा (Stock and Commodity Derivatives Market Literacy Framework) को तर्जुमा गरिनेछ ।

३०. बोर्डबाट अनुमति प्राप्त धितोपत्र बजार, सिडिएससी तथा व्यवसायीहरूमा कार्यरत कर्मचारीहरूको लागि अभिमुखीकरण र आवश्यक ज्ञान तथा व्यवसायिकता अभिवृद्धिका लागि प्रमाणिकरण कार्यक्रम संचालन गरिनेछ ।

## आ) नियमित कार्यक्रम

बोर्डले आगामी आर्थिक वर्ष २०८०।८१ का लागि निर्धारण गरेका नियमित कार्यक्रमहरू देहाय अनुरूप रहेका छन्ः

### क) धितोपत्र दर्ता तथा निष्काशन, व्यवसायी सेवा सञ्चालन अनुमति तथा विनियमावली स्वीकृति

१. धितोपत्र बजार, धितोपत्र व्यापारी, धितोपत्र दलाल, मर्चेण्ट बैंकर, योजना व्यवस्थापक तथा डिपोजिटरी, निक्षेप सदस्य, आस्वा सदस्य, क्रेडिट रेटिङ्ग संस्था, सामूहिक तथा विशिष्टीकृत लगानी कोष, कोष व्यवस्थापक तथा सुपरिवेक्षक, योग्य संस्थागत लगानीकर्ता र वस्तु विनिमय बजार तथा व्यवसाय गर्न प्राप्त निवेदनहरूको अध्ययन गरी अनुमतिपत्र/दर्ता प्रमाणपत्र प्रदान गर्ने तथा नवीकरण गरिनेछ ।

२. धितोपत्र दर्ता गराएका संगठित संस्था एकआपसमा गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धमा पूर्व स्वीकृति र अन्तिम स्वीकृतिका लागि प्राप्त निवेदनउपर जाँचबुझ गरी स्वीकृति प्रदान गरिनेछ ।

३. धितोपत्र दलाल व्यवसायीहरूको शाखा विस्तार र आधिकारिक प्रतिनिधिको नियुक्ति स्वीकृतिका लागि प्राप्त निवेदनहरूको अध्ययन गरी स्वीकृति प्रदान गरिनेछ ।

४. संगठित संस्थाहरूबाट हुने सेयरको सार्वजनिक निष्काशन, ऋणपत्र निष्काशन, सामूहिक लगानी योजना, विशिष्टिकृत लगानी कोष दर्ता तथा निष्काशन गर्न स्वीकृति प्रदान गरिनेछ ।

५. धितोपत्र बजार, धितोपत्रको केन्द्रीय निक्षेप कम्पनी तथा वस्तु विनिमय बजारका विनियमावली स्वीकृत गर्ने तथा संशोधनका लागि पेश भएमा अध्ययन गरी स्वीकृति प्रदान गरिनेछ ।

## ख) बजार नियमन तथा सुपरिवेक्षण, अनुसन्धान तथा तहकिकात र कानुन प्रवलीकरण

६. धितोपत्र सम्बन्धी कसूरको तहकिकात तथा अनुसन्धान र कानुन प्रवलीकरण कार्य प्रभावकारीरूपमा गरिनेछ ।

७. धितोपत्र बजार, केन्द्रीय निक्षेप कम्पनी, निक्षेप सदस्य, मर्चेण्ट बैंकर, क्रेडिट रेटिङ्ग कम्पनी, आस्वा सदस्य, धितोपत्र दलाल, धितोपत्र व्यापारी, सामूहिक लगानी कोष, विशिष्टीकृत लगानी कोषहरूको वित्तीय विवरण, सूचना तथा जानकारी तथा अन्य काम कारवाहीहरूको गैरस्थलगत सुपरिवेक्षण कार्य गरिनेछ ।

८. धितोपत्र बजार, केन्द्रीय निक्षेप कम्पनी, निक्षेप सदस्य, मर्चेण्ट बैंकर, क्रेडिट रेटिङ्ग कम्पनी, आस्वा सदस्य, धितोपत्र दलाल, धितोपत्र व्यापारी, योजना व्यवस्थापक तथा डिपोजिटरी, विशिष्टीकृत लगानी कोष व्यवस्थापकहरूको कुल संख्याको कम्तिमा २० प्रतिशतको स्थलगत सुपरिवेक्षण गरिनेछ ।

९. धितोपत्र बजार तथा धितोपत्र व्यवसायीहरूका नियम पालना अधिकृतहरूका लागि तालिम/अर्न्तक्रिया कार्यक्रम संचालन गरिनेछ ।

१०. धितोपत्र बजार, धितोपत्र व्यवसायी र सूचीकृत संगठित संस्थाहरूको विस्तृत विवरण (Profile) अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिदै विवरण, जानकारी, सूचना प्रवाह तथा अन्य कामकारवाहीको प्रभावकारी रूपमा सुपरिवेक्षण गरिनेछ ।

११. धितोपत्र बजारमा हुने दैनिक कारोवार, कारोवार रकम, कारोवार हुने कम्पनी, कारोवार भएको धितोपत्र आदिको Real Time Surveillance गर्ने तथा नियमित रूपमा बजार तथा कारोबारको अनुगमन तथा सुपरिवेक्षण गरिनेछ ।

१२. धितोपत्र निष्काशनका वखत निष्काशनकर्ता कम्पनीले सार्वजनिक गरेको निष्काशित धितोपत्रबाट संकलित रकम विवरणपत्रमा उल्लेख भए बमोजिम सदुपयोग गरे/नगरेको सम्बन्धमा सुपरिवेक्षण गरी प्रतिवेदन तयार गरिनेछ ।

१३. सूचीकृत संगठित संस्थाका पदाधिकारी तथा कर्मचारीहरूलाई संस्थाले प्रवाह गर्नुपर्ने सूचना, विवरण तथा जानकारीका सम्बन्धमा तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।

१४. सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा सूचक संस्थाले पूरा गर्नु पर्ने दायित्व प्रभावकारी रूपमा पूरा गर्न/गराउन आवश्यक नीति, कार्यविधि, नियन्त्रण प्रणाली, जनशक्ति र साधन र स्रोतको समुचित व्यवस्था गर्न निर्देशित तथा सहजीकरण गरिनेछ ।

१५. सूचक संस्थालाई सम्पत्ति शुद्धीकरण तथा आतङ्कबादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०७६ तथा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा धितोपत्र व्यवसायीको जोखिममा आधारित सुपरिवेक्षण म्यानुअल, २०७७ सम्बन्धी अभिमुखिकरण तालिम प्रदान गरिनेछ ।

१६. धितोपत्र सम्बन्धी ऐन, २०६३ को व्यवस्था लगायत अन्य नियम, निर्देशिका तथा निर्देशनको पालना नगर्ने पक्षहरू उपर आवश्यक कानुनी कारवाही अगाडि बढाउने तथा बोर्ड पक्ष वा विपक्ष भएको मुद्दामामिलाको पूर्पक्ष वा प्रतिरक्षा गरिनेछ ।

१७. बोर्डले धितोपत्र बजार तथा वस्तु विनिमय बजारमा सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी भएको शंका लागेमा, कुनै माध्यमबाट जानकारी प्राप्त भएमा वा अन्य सम्बद्ध निकायबाट अनुरोध भइ आएमा सोको छानबिन तथा जाँचबुझ कार्यलाई उच्च प्राथमिकताका साथ गरिनेछ ।

१८. सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा अन्य सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँग आवश्यक सहयोग र समन्वय गरिनेछ ।

१९. कम्पनी रजिष्ट्रार, अन्य नियमन निकाय एवं सरकारी निकायबाट राय/सुझाव माग भै आएमा सो बमोजिमको राय/सुझाव उपलब्ध गराइनेछ ।

## ग) विज्ञ तथा नीति निर्माताहरूसंग अर्न्तक्रिया, नीति तथा कार्यक्रम तयारी तथा प्रगति समिक्षा र गुनासो समाधान

२०. बोर्डको वार्षिक नीति तथा कार्यक्रम तयार गर्ने र सोको चौमासिक रूपमा कार्यान्वयन अवस्थाको प्रगति समीक्षा गरिनेछ ।

२१. धितोपत्र बजार तथा वस्तु विनिमय बजारसँग सम्बन्धित नीति निर्माणमा

राय सल्लाह लिन सरोकारवाला पक्षहरूसँग छलफल तथा अर्न्तक्रिया कार्यक्रम संचालन गरिनेछ ।

२२. नेपाल सरकारको नीति तथा कार्यक्रम, बजेट तर्जुमा तथा आर्थिक सर्वेक्षण गर्ने क्रममा नेपाल सरकार, अर्थ मन्त्रालयसमक्ष धितोपत्र बजार तथा वस्तु विनिमय बजारसँग सम्बन्धित विषयमा राय/सुझाव र तथ्यांक तथा विवरण प्रस्तुत गरिनेछ ।

२३. धितोपत्र कारोवारमा कसैले अनियमितता एवं गलत क्रियाकलापहरू गरेको सम्बन्धमा कसैको उजुरी परेमा वा कुनै पनि माध्यमबाट बोर्ड विश्वस्त भएमा सोको जाँचबुझ तथा छानविन गर्ने तथा लगानीकर्ताको गुनासो समाधान गरिनेछ ।

२४. वित्तीय क्षेत्रका नियमन निकाय लगायत पुँजी बजारका विषयमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा प्रभाव पार्ने अन्य निकायसँग नीतिगत तथा कार्यगत समन्वय बढाउन आवश्यक छलफल तथा अर्न्तक्रिया कार्यक्रम संचालन गरिनेछ ।

**घ) व्यवस्थापन तथा प्रशासन व्यवस्था तथा संचालन**

२५. बोर्डको वार्षिकोत्सवको अवसरमा विशेष कार्यक्रम आयोजना गरिनेछ ।

२६. बोर्डको वार्षिकोत्सवको अवसरमा धितोपत्र बजार तथा वस्तु विनिमय बजारको विकास तथा विस्तार गर्न, यस सम्बन्धमा लगानीकर्तालाई सुसूचित गराउने र पुँजी बजारमा रचनात्मक सुधारका लागि योगदान गर्ने पत्रकार वा संस्थालाई पुँजी बजार पत्रकारिता पुरस्कार र अर्थतन्त्र वा वित्तीय बजारका सम्बन्धमा स्नातकोत्तर वा एमफिल तहमा गरिने तीन उत्कृष्ट शोधपत्रलाई पुरस्कार प्रदान गरिनेछ ।

२७. बोर्डमा नियुक्ति भएका नयाँ तथा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्दै कार्य सम्पादनलाई प्रभावकारी बनाउन तालिम क्यालेण्डर बनाई कर्मचारीहरूको वृत्ति विकास सम्बन्धी अभिमुखिकरण, आन्तरिक तथा बाह्य तालिम, प्रशिक्षण, पुर्नताजगी तथा अवलोकन कार्यक्रम आयोजना गरिनेछ ।

२८. बोर्डका पदाधिकारीहरू तथा कर्मचारीहरूको व्यवसायिकता तथा कार्य क्षमता अभिवृद्धि गर्न निरन्तर रूपमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय

तालिम कार्यक्रमहरू संचालन गर्ने तथा अन्तर्राष्ट्रिय संस्था वा निकायले संचालन गरेका तालिम, सेमिनार तथा गोष्ठी कार्यक्रमहरूमा सहभागी गराइनेछ ।

२९. बोर्डका गतिविधिहरूलाई उच्च प्रविधियुक्त तथा सूचना प्रविधिमैत्री बनाई छिटोछरितो सेवा प्रवाह गर्न जनशक्तिको क्षमता विकासका लागि अन्तर्राष्ट्रियस्तरमा प्रतिष्ठित तालिम प्रदायक संस्थासँग समन्वय गरी प्रशिक्षण कार्य अगाडि बढाउन पहल गरिनेछ ।

**ङ) लगानीकर्ता शिक्षा, प्रशिक्षण, जनचेतना अभिबृद्धि, प्रकाशन र तालिम तथा व्यवसायिकता विकास**

३०. धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी जानकारी प्रवाह गर्न बोर्ड तथा धितोपत्र बजारसँग सम्बन्धित सचेतनामूलक सामाग्रीहरू प्रकाशन गरिनेछ ।

३१. देशव्यापी रूपमा धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धमा साक्षरता अभिवृद्धि गर्न पुँजी बजार सम्बन्धी शिक्षा, लगानीकर्ता प्रशिक्षण तथा सचेतना कार्यक्रम संचालन गरिनेछ ।

३२. अर्थतन्त्र तथा धितोपत्र बजार क्षेत्रमा पत्रकारिता गरिरहेका उपत्यका तथा उपत्यका बाहिरका आर्थिक पत्रकारसँग छलफल, अर्न्तक्रिया तथा तालिम कार्यक्रम संचालन गरिनेछ ।

३३. पाक्षिक रेडियो कार्यक्रम मार्फत धितोपत्र बजार सम्बन्धी चेतनामूलक सामाग्री तथा बजार विकास तथा सुधार सम्बन्धी जानकारी प्रवाह गरिनेछ ।

३४. धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी डकुमेन्ट्री तथा भिडियो सामाग्री निर्माण गरी प्रसारण गरिनेछ ।

३५. बोर्ड तथा नेपाल उद्योग बाणिज्य महासंघ (FNCCI) संग समझदारी (MoU) विकास गरी देशव्यापीरूपमा पुँजी बजार शिक्षा तथा प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।

३६. धितोपत्र बजार तथा वस्तु विनिमय बजारमा प्रशिक्षक प्रशिक्षण (ToT) कार्यक्रम संचालन गरिनेछ ।

३७. विश्व लगानीकर्ता सप्ताह अर्न्तगत सप्ताहव्यापी सेमिनार, प्रशिक्षण, रेडियो

कार्यक्रम, प्रभातफेरी लगायतका कार्यक्रमहरू आयोजना गरी लगानीकर्ता सप्ताह संचालन गरिनेछ ।

३८. विश्व वित्तीय सप्ताह अर्न्तगत विशेष रूपमा युवाहरूमा धितोपत्र बजार तथा वस्तु विनिमय बजार सम्बन्धी प्रशिक्षण कार्यक्रम एवं Quiz प्रतियोगिता संचालन गरिनेछ ।

३९. पुँजी बजार सम्बन्धी साक्षरता अभिवृद्धि गर्न प्रदेश तथा स्थानीय सरकारका जनप्रतिनिधि एवं कर्मचारीहरूलाई प्रशिक्षण तथा अर्न्तक्रिया कार्यक्रम संचालन गरिनेछ ।

४०. धितोपत्र बजारको प्रवर्द्धन तथा वित्तीय साक्षरता अभिवृद्धि गर्न कुनै एक प्रदेशमा पुँजी बजार प्रर्दशनी संचालन गरिनेछ ।

४१. धितोपत्र बजार तथा वस्तु विनिमय बजारसँग सम्बन्धित विषयवस्तुमा खोज अनुसन्धान गर्न तथा आफ्ना विचारहरू प्रस्तुत गरी आम जनमानसमा जानकारीमूलक एवं सूचनामूलक सन्देश प्रवाह गर्न बोर्डको वार्षिकोत्सवको अवसरमा नेपाल धितोपत्र बोर्ड वार्षिकोत्सव लेख विशेषाङ्क, सेबोन जर्नल (SEBON Journal) तयार गरी प्रकाशन गरिनेछ ।

४२. बोर्डको वार्षिक कामकारवाही समावेश गरिएको वार्षिक प्रतिवेदन तयार गरी प्रकाशन गरिनेछ ।

४३. सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-२०८१)(पूरक कार्ययोजना, २०७७ समेत) मा नियमन निकाय तथा अनुसन्धानकारी निकायका लागि तोकिएका कार्यहरू गरिनेछ ।

४४. बोर्डको बढ्दो भूमिका र समयानुकुल अभ्यास अनुरूप बोर्डका कर्मचारीहरूको ज्ञान अभिवृद्धिमा सघाउ पुर्‍याउन अन्तर्राष्ट्रिय पुस्तकालयको (Online Access) सदस्यता लिइनेछ ।

***







# नेपाल धितोपत्र बोर्ड

**नीति, अनुसन्धान तथा प्रशिक्षण विभाग**

**नीति, अनुसन्धान तथा सूचना प्रविधि महाशाखा**

पो.ब. नं. ९०३१, खुमलटार, ललितपुर ।

फोन नं. ०१-५५४१०५७, ५५५०५११, ५५४४०७६ फ्याक्स नं.: ०१-५५४१०५८

टोल फ्री हटलाईन नंः १६६०-०१-४४४३३ (पैसा नलाग्ने)

वेबसाइट : http://sebon.gov.np

इ-मेल : support@sebon.gov.np